नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ती

'भारतीय मालवाहक गाडी चेकजाँच नगर्न प्रहरीलाई गृह मन्त्रालयको निर्देशन' भनी केही सञ्चार माध्यममा प्रकाशित समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । यस मन्त्रालयको च.नं. २६४६ मिति २०७६/०२/०२ को परिपत्रद्वारा भारतबाट आयात गरी नेपाली उत्पादनमूलक उद्योगहरुमा प्रयोग गरिने विभिन्न कच्चा पदार्थहरु ढुवानी गर्ने मालवाहक गाडीहरु नेपाल प्रवेश गर्ने क्रममा प्रवेश नाकादेखि उद्योगस्थलसम्म ल्याउदा बाटोमा ट्राफिक प्रहरीबाट ओभरलोडको नाममा ट्रक र ट्रेलरहरु समाती दुःख दिने, जरिवाना तिराउने, २/३ दिन सम्म होल्ड राख्ने गरेको कारण उद्योगले ढुवानीका साधनहरुलाई अप्रत्यक्ष हर्जाना तिर्नु परिरहेको, कच्चा पदार्थको रुपमा आउने फलामे रड, विलेट, वायर लगायतका वस्तुहरु अधिक भारवाहन क्षमता भएका ट्रकहरु मार्फत सम्बन्धित भन्सार नाकाबाट उद्योगको परिसर सम्म ल्याउने क्रममा निर्वाध ढुवानी प्रकृयामा अवरोध भई उद्योग सञ्चालनमा समेत प्रत्यक्ष असर परेको भनी सम्वद्ध व्यक्ति/संस्था/नागरिक समाज/व्यवसाय/उद्योगहरुका तर्फबाट पटक पटक लिखित, मौखिक निवेदन/गुनासाहरु यस मन्त्रालयमा प्राप्त भएको हुँदा भारतबाट आयात गरिने औद्योगिक कच्चा पदार्थहरु बोकेका भारवहन गाडीहरु नेपाल प्रवेश गर्दा कच्चा पदार्थ ढुवानीका साधनहरुको भारवहन क्षमता सडकको क्षमता भन्दा बढी भएको अवस्थामा सो को अनुगमन/नियमन सडक तथा यातायात सम्वद्ध नियमन निकायहरुबाट गर्नु कानून सम्मत हुने भएकाले नियमन गर्ने निकायबाट शान्ति सुरक्षा लगायत अन्य विषयमा अनुरोध भई आएमा आवश्यकतानुसार समन्वय र सहयोग गर्ने तर ढुवानीका साधनहरु सडकमा गुड्दा नियामक निकायको समन्वय र अनुरोध विना क्षेत्राधिकार विपरित रोक्ने, दुःख हैरानी दिने कार्य कहि कतैबाट नगर्न नगराउनुहुन भनी भारतसँग सीमा जोडिएका जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुमा पत्राचार गरिएको ।

प्रवेश नाकामा कुनैपनि मालवाहक ढुवानीका साधनलाई सम्बन्धित प्रवेश विन्दुमै राजस्व/भन्सार/क्वारेन्टाइन/सीमा प्रहरी/सीमा सशस्त्र प्रहरी समेतका निकायबाट कानून बमोजिम

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

चेकजाँच हुने गरेको व्यहोरा सवैमा विदितै छ । प्रस्तुत परिपत्र नेपाल प्रवेश पछि सडकमा गुड्ने क्रममा हुने गरेको दुःख हैरानीका सम्बन्धमा आएका गुनासाहरुलाई सम्बोधन गर्ने प्रयोजनका लागि मात्र भएको हो । कुनै व्यवसायप्रति आग्रह/पुर्वाग्रह राखी कसैप्रति लक्षित भई परिपत्र नगरिएको र सवै प्रकारका मालवाहक ढुवानीका साधनहरुबाट औद्योगिक कच्चा पदार्थ उद्योग परिसरसम्म निर्वाध रुपमा आवागमन गरी उद्योगमैत्री वातावरण तयार गर्न स्थानीय प्रशासनलाई मन्त्रालयबाट पत्राचार भएको व्यहोरा सम्बन्धित सवैमा जानकारी हुन तथा कुनै मालवाहक सवारी साधनमा गैरकानूनी ओसार पसार भएको आशंका लागेमा नेपाल प्रहरी/सशस्त्र प्रहरी बल नेपाल लगायत अन्य सम्बद्ध निकायहरुले जुनसुकै समय र जुनसुकै स्थानमा चेकजाँच गर्न सक्ने स्पष्ट पार्दै कहि कुनै भ्रममा नपर्नु हुन अनुरोध छ । उक्त मितिको परिपत्र यसैसाथ संलग्न छ ।

मितिः२०७६/०३/०२

रामकृष्ण सुवेदी
प्रवक्ता/सहसचिव

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु. ०७५/०७६/९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २८८४८

मितिः२०७६/०२/०२

विषयः ढुवानीका साधनको निर्वाध आवागमन ।

श्री जिल्ला प्रशासन कार्यालय,
झापा/मोरङ/सुनसरी/सप्तरी/सिराहा/धनुषा/महोत्तरी/सर्लाही/रौतहट/बारा/पर्सा/मकवानपुर/चितवन/ पुर्वी नवलपरासी/पश्चिम नवलपरासी/रुपेन्देही/कपिलबस्तु/दाङ/बाँके/बर्दिया/कैलाली र कन्चनपुर ।

भारतबाट आयात गरि नेपाली उत्पादनमुलक उधोगहरुमा प्रयोग गरिने विभिन्न कच्चा पदार्थहरु बोकेका मालवाहक गाडिहरु नेपाल प्रवेश गर्ने क्रममा प्रवेश नाका देखि लोड गरि उद्योग स्थलसम्म ल्याउँदा बाटोमा ट्राफिक प्रहरीबाट ओभरलोड भनेर ट्रक र ट्रेलरहरु समाति दुःख दिने, जरिवाना तिराउने, हैरानी दिने, २-३ दिनसम्म होल्ड राख्ने गरेको, जसको कारण उद्योगले ढुवानीका साधनहरुलाई अप्रत्यक्ष हर्जाना तिर्नुपरिरहेको, भारतका विभिन्न स्थानहरुबाट कच्चा पदार्थको रुपमा आउने फलामे रड, बिलेड, वायर लगायतका बस्तुहरु ठुला ठुला भारवहन क्षमता भएका ट्रकहरु मार्फत सम्बन्धित भन्सार नाकाबाट उद्योगको परिसरसम्म ल्याउने क्रममा ट्रकहरुमा बढि भार वहन गरिएको भनि स्थानीय प्रशासन/प्रहरी बाट रोक्ने, दुःख हैरानी दिने, धरपकट गर्ने, गाडि नियन्त्रणमा लिने कार्यबाट निर्वाध ढुवानी प्रक्रियामा अवरोध भई उद्योग सन्चालनमा समेत प्रतक्ष्य असर परेको भनि उद्योगहरुका तर्फबाट पटक पटक लिखित र मौखिक गुनासाहरु आएको हुँदा भारतबाट आयात गरिने औद्योगिक कच्चा पदार्थ बोकेका भारवहन गाडिहरु नेपाल प्रवेश गर्दा कच्चा पदार्थ ढुवानीका साधनहरुको भारवहन क्षमता सडकको क्षमता भन्दा बढि भएको सन्दर्भमा सो को अनुगमन/नियमन सडक तथा यातायात नियमन निकायहरुबाट गरिन कानून सम्मत हुने भएकाले नियमन गर्ने निकायबाट शान्तिसुरक्षाका लागि अनुरोध भई आएमा आवश्यकतानुसार शान्तिसुरक्षाको व्यवस्था गर्न आवश्यक सहयोग गर्ने तर ढुवानीका साधनहरु सडकमा गुड्दा नियामक निकायको समन्वय र अनुरोध विना क्षेत्राधिकार विपरित रोक्ने, दुख हैरानी दिने कार्य कहि कतैबाट नगर्न नगराउनुहुन मिति २०७६/०१/२७ (गृहमन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ ।

(दीपक पौडेल)
शाखा अधिकृत

**बोधार्थः**
श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौंः- (जानकारीको लागि) ।
श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौंः- (जानकारीको लागि) ।